भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
**राजीव गौतम**
सहसचिव

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको

### सूचना १

नेपाल सरकारले मेची अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५ को दफा ३ को उपदफा ३.४ ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा ३.२.५ बमोजिम मेची अञ्चल अस्पताल विकास समितिको सदस्यमा बालुवाडी-६, झापाका हरीश्चन्द्र राजवंशी र कोहवरा-८ झापाका कपिलदेव गन्गाईलाई मनोनीत गरी हरेफेर गरेको छ ।

### सूचना २

नेपाल सरकारले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ८ख. को उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांश अनुसार नेपाल स्वास्थ्य सेवाका अध्ययन वा असाधारण विदामा रहेका स्वास्थ्यकर्मीको पदमा विदा अवधिभर को लागि करार सेवामा नियुक्ति गरी काममा लगाउने अधिकार देहायका अधिकारीलाई प्रत्यायोजन गरेको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल स्वास्थ्य सेवाका सातौं तहको पदमा सम्बन्धित विभागका महानिर्देशक,

(ख) नेपाल स्वास्थ्य सेवाका चौंथो र पाँचौ तहको पदमा सम्बन्धित क्षेत्रका क्षेत्रीय निर्देशक,

तर क्षेत्रीय निर्देशनालय नभएका कार्यालयको हकमा सम्बन्धित विभागका महानिर्देशकले,

सूचना ३

नेपाल सरकारले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल स्वास्थ्य सेवाको सातौं तहको रिक्त पदमा सोही ऐनको दफा १३ को उपदफा (४) बमोजिम लोक सेवा आयोगको सहमति अनुसार अस्थायी नियुक्ति गर्ने अधिकार सम्बन्धित विभागका महानिर्देशकलाई प्रत्यायोजन गरेको छ ।

आज्ञाले,
डा. प्रवीण मिश्र
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।